## मालिका गाउँ कार्यपालिकाको ७७ औं बैठक/स्थान:अध्यक्ष ज्यूको कार्यकक्ष

मिति २०८३ साल असार महिनाको ७ गते आइतवार

अध्यक्षता: श्रीमान् बेग प्रसाद गर्बुजा ज्यू ,गाउँपालिका अध्यक्ष

| क्र.सं. | नाम,थर | पद/कार्यालय | हस्ताक्षार |
|---|---|---|---|
| १. | श्री बेग प्रसाद गर्बुजा | अध्यक्ष, मालिका गा.पा. | |
| २. | श्री लक्ष्मी देवि घर्ति मगर पुन | उपाध्यक्ष,मालिका गा.पा. | |
| ३. | श्री टंक प्रसाद पुन | वडा अध्यक्ष, मालिका-१ | |
| ४. | श्री उदय कुमार बुढाथोकी | वडा अध्यक्ष,मालिका-२ | |
| ५. | श्री मोति प्रसाद बुढा | वडा अध्यक्ष,मालिका-३ | |
| ६. | श्री भजेन्द्रमान पुन | वडा अध्यक्ष,मालिका-४ | |
| ७. | श्री मिम पुन | वडा अध्यक्ष,मालिका-५ | |
| ८. | श्री पथ वहादुर रोका | वडा अध्यक्ष,मालिका-६ | |
| ९. | श्री टक बहादुर पुन | वडा अध्यक्ष,मालिका-७ | |
| १०. | श्री अनुप गौचन | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| ११. | श्री मन कुमारी पुन | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १२. | श्री प्रतिक्षा वि.क. | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १३. | श्री देवि पटेल | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १४. | श्री छरदेवी घर्ती | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १५. | श्री दल बहादुर खड्काथोकी | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १६. | श्री हरिश्चन्द्र ढकाल | प्र.प.अ.,मालिका गा.पा. | |
| | अन्य उपस्थिति | | |
| १७. | आराम थापा मगर | प्र.अ. | |
| १८. | बसन्त थापा मगर | स.प्र.अ. | |
| १९. | सागर पौडेल | स.लै.अ. | |

## निर्णयहरु:

**प्रस्ताव नं. १: योजना फरफारक तथा भुक्तानी सम्बन्धमा ।**

**निर्णय:**मालिका गाउँपालिकाको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक विकास कार्यक्रममा समावेश भएको देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु लागत इस्टिमेट तथा प्राविधिक स्पेशिफेशन बमोजिम सम्पन्न भएको हुँदा फरफारक गरी नियमानुसारको रकम उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

| क.सं | योजना तथा कार्यक्रमको विवरण | कार्यान्वयन स्थल | विनियोजित रकम | कै. |
|---|---|---|---|---|
| १. | तल्लो खुवादुङ देखि भुमेथान सम्म पदमार्ग निर्माण | मालिका-४ ओखरबोट | ४ लाख ४० हजार | |
| २. | सेर मोटरबोट सोलिङ | मालिका- ४ सेर | २ लाख ८० हजार | |
| ३. | मगर संघ भवन मर्मत | मालिक- ४ ओखरबोट | ३ लाख | |
| ४. | चबर्का नुन्ले सडक निर्माण | मालिक-७ बिम्बाङ | ५ लाख | |
| ५. | फ्यारे खोला दह सिचाई आयोजना | मालिका-७ दह | ४ लाख | |
| ६. | अस्तवाङ खानेपानी ट्याङ्की निर्माण | मालिक-७ अस्तबाङ | २ लाख | |

**प्रस्ताव नं.२: मालिका गा.पा.को आ.व. २०८३/०८४ को निति तथा कार्यक्रम, विनियोजन विधेयक, आर्थिक विधेयक र वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।**

निर्णय नं.२: मालिका गा.पा.को आ.व.२०८३/०८४ को निति तथा कार्यक्रम, विनियोजन विधेयक, आर्थिक विधेयक र वार्षिक बजेट तथा कार्यक्रमको सैद्धान्तिक पक्षमा छलफल भई सदर गरियो र स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३: लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।**

निर्णय नं.३: मालिका गाउँपालिकाको सार्वजनिक लेखा समितिको प्रतिवेदन मालिका गाउँपालिकाको ऐतिहासिक १९ औ गाउँसभामा लेखा समितिका संयोजक श्री प्रतिक्षा वि.क.मार्फत पेश गर्ने निर्णय गरियो

**प्रस्ताव नं.४: बजार अनुगमन निर्देशिका २०८३ स्वीकृत सम्बन्धमा ।**

निर्णय नं.४: मालिका गाउँपालिकाको आर्थिक विकास समिति मार्फत पेश भएको बजार अनुगमन निर्देशिका २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.५:तलब भत्ता बृद्धि सम्बन्धमा ।**

निर्णय नं.२: मालिका गा.पा.तथा मातहतका कार्यालयहरुमा अस्थायी तथा करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको २०८३ श्रावण १ गतेदेखि लागू हुने गरी साविकको तलबमानामा ५ प्रतिशतका दरले बृद्धि गर्ने निर्णय गरियो ।

हरिश्चन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं.६: जग्गा स्वीकार सम्बन्धमा ।**

**निर्णय नं.६:** मालिका गा.पा वडा न ७ को प्रशासकीय भवन निर्माणका लागि ऐ.ऐ.निवासी काला जुग्जालीको नाति खिर बहादुर जुग्जालीको छोरा श्री तिलक बहादुर जुग्जालीले निशुल्क जग्गा उपलब्ध गराउनु भएको साबिक दरबाङ गा.वि.स. वडा नं ९(९क) कि.नं.३७७ क्षेत्रफल ३ रोपनी जग्गा स्वीकार गरी निजलाई धन्यबाद ज्ञापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.७: अधिकारी तोकिएको सम्बन्धमा ।**

**निर्णय नं.७:** मालिका गा.पा वडा न ७ को प्रशासनिक भवन निर्माणको लागि जग्गा प्राप्ती गर्न यसै पालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री हरिश्चन्द्र ढकालज्यूलाई जग्गा प्राप्ती ऐन २०३४ अनुसार प्रारम्भिक कारवाही चलाउने अधिकारी तोक्ने निर्णय गरियो ।

हरिश्चन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत